# नेपाल सरकार
## शान्ति तथा पुनर्निर्माण मन्त्रालय सिंहदरबार,काठमाण्डौ ।

**(मासिक मिट द प्रेस कार्यक्रममा २०७१ कार्तिक २४ गते सोमवार प्रस्तुत)**

यस मन्त्रालय र मातहतका निकायबाट चालु आ.व. मा सम्पन्न भएका क्रियाकलापको सार सक्षेप

- मन्त्रालयको रणनीति र कार्ययोजना निर्माण अन्तिम चरणमा पुगेको।
- शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना पश्चात भएका सहमति सम्झौता कार्यान्वयन सिफारिस आयोग -२०७१ ले मिति २०७१ भाद्र १९ गते सम्माननीय प्रधानमन्त्री ज्यु समक्ष प्रतिवेदन पेश ।उक्त प्रतिवेदन कार्यान्वयन गर्ने भन्ने मन्त्रिपरिषदको मिति २०७१-०५-२६ को निर्णय अनुसार प्रतिवेदनमा कार्यान्वयनका लागि भएका सिफारिसहरु सम्वन्धित निकायमा पठाईएको र यस मन्त्रालयबाट कार्यान्वयन गर्नु पर्ने विषयमा कारवाही अघि बढाइएको।
- जिल्लास्तरमा गठन भएका स्थानीय शान्ति समितिहरुमा कार्यालय सचिवहरु नियुक्ति गरि सम्वन्धित जिल्लामा पठाइएको
- बेपत्ता पारिएका व्यक्तिको छानविन , र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ मा व्यवस्था भए बमोजिमको आयोगका पदाधिकारी सिफारिस गर्नका निम्ति सिफारिस समिति गठन भएको ।आयोगका पदाधिकारी गठन गर्न बनेको सिफारिस समितिले सिफारिस सम्बन्धि कार्यविधि बनाई इच्छुक व्यक्ति हरुलाई आयोगका अध्यक्ष तथा सदस्यको पदमा सिफारिस हुनका लागि गोरखापत्रमा सूचना सार्वजनिक गरि दरखास्त संकलन गरि छनौट सम्वन्धि काम गरिरहेको।
- सिफारिस समितिले द्वन्द्वपिडित, मानवअधिकारकर्मी र नागरिक समाजका व्यक्तिहरु संग काठमाडौँ उपत्यकामा छुट छुटै र उपत्यका बाहिर धनगढी, नेपालगंज, पोखरा र विराटनगरमा संयुक्तरुपमा अन्तरक्रिया छलफल कार्यक्रम गरेको।
- द्वन्द्व प्रभावित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श सेवा कार्यक्रमको **Field Implementation Manual** तयारीको काम अन्तिम चरणमा पुगेको।
- हेलो सरकारको गुनासो फछ्र्यौट गर्ने काम नियमित रुपमा भैरहेको।
- कुल बेरुजु ४२ करोड ३३ लाख २४ हजार मध्ये ८.२४ प्रतिशत फछ्र्यौट भएको तथा ८५लाख ८२ हजार सम्परीक्षणको लागि लेखि गएको।
- आ.व.२०७०/७१ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको प्रगति समिक्षा मासिक रुपमा भइरहेको।

(दामोदर भण्डारी )
उपसचिव/सह-प्रवक्ता